राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ६ अंक ३०० २०८२ असार १२ गते विहिवार (26 June 2025) पृष्ठ ४ मूल्य रु. ३।-

## दलित, थारू, आदिवासी र अल्पसंख्यक मिलेर साझा आन्दोलनको तयारी

दैनिक समाचारदाता

काठमाडौं ११ असार । जनता समाजवादी पार्टी (जसपा) नेपालले पाँच वटा सामाजिक समूह(दलित, पिछडावर्ग, थारू, आदिवासी जनजाति र अल्पसंख्यक(लाई समेटेर 'डोटिम परिसंघ' गठन गर्दै आन्दोलनको तयारी थालेको छ।

पार्टी अध्यक्ष उपेन्द्र यादवको अगुवाइमा चन्देश्वर पासवानको संयोजकत्वमा यो साझा संगठन बनाइएको हो, जसले आउँदो दिनमा संयुक्त आन्दोलनको मोर्चा सम्हाल्नेछ।

"एउटै उद्देश्यका लागि अलग(अलग आन्दोलन गरेर परिवर्तन सम्भव नदेखिएकाले सबै समूहलाई एउटै छातामुनि ल्याएका हौं," संयोजक पासवानले बताए।

उनका अनुसार जसपाका छुट्टाछुट्टै भ्रातृ संगठनहरू आफ्नै ढंगले क्रियाकलाप सञ्चालन गर्ने भए पनि साझा संघर्षका लागि 'डोटिम परिसंघ' को संरचना बनाइएको हो।

संघर्षको पहिलो चरणमा सात जिल्लामा विभिन्न कार्यक्रम सञ्चालन गरिने र त्यसपछिको चरणमा आन्दोलनको औपचारिक प्रारम्भ गरिने योजना रहेको पासवानले जानकारी दिए। "अन्ततः आन्दोलन गर्ने हो, अहिले त्यसकै तयारी भइरहेको छ," उनले भने।

उनका अनुसार असार २८ गते काठमाडौंमा बागमती प्रदेशस्तरीय ठूलो कार्यक्रम हुने छ, जसले सशक्त सन्देश दिने विश्वास व्यक्त गरिएको छ।

संयोजक पासवानले नेपाली समाजमा पटक(पटक राजनीतिक परिवर्तन भए पनि सबै क्षेत्रमा एकल जातीय वर्चस्व र सामन्तवादी सोच कायमै रहेको आरोप लगाए। "दलित, थारू, पिछडावर्ग, आदिवासी र अल्पसंख्यक समुदायहरू राज्यको मूल प्रवाहबाट अझै बाहिर छन्," उनले भने।

जसपाले एक विज्ञप्ति जारी गर्दै भनेको छ, "राजनीतिक, आर्थिक र सामाजिक बहिष्करण तथा सीमान्तीकरण ऐतिहासिक, सामाजिक र संरचनागत असमानताको परिणाम हो।"

राज्यबाट बहिष्करणमा पारिएका समुदायका अधिकार सुनिश्चित गर्न र न्यायका लागि भइरहेको आन्दोलनप्रति ऐक्यबद्धता जनाउँदै परिसंघले आवश्यक कदम चाल्ने संयोजक पासवानले स्पष्ट पारे। त्यसका लागि पूर्ण समानुपातिक निर्वाचन प्रणाली अवलम्बन गर्नुपर्ने, प्रतिनिधिसभा र राष्ट्रिय सभामा समान जनसंख्याका आधारमा प्रतिनिधित्वको ग्यारेन्टी हुनुपर्ने र स्थानीय तहहरूलाई प्रदेशको अधिकारभित्र राख्नुपर्ने मागसहित आन्दोलन अघि बढाइने उनले बताए।

धुम्रपान र मदिरा सेवन नगरौं

धुम्रपानले :
- फोक्सोको क्यान्स, मुटु ोग, दम जस्ता ोग लाग्न सक्छ,
- स्वाश प्रश्वास प्रणालीमा अस गर्न सक्छ,
- मुख, घाँटी छालामा क्यान्स हुन सक्छ,
- गर्भाअवस्थामा धुम्रपान गे बच्चाको स्वास्थ्यमा प्रतिकुल प्रभाव पर्न सक्छ,

मदिा सेवनले:
- कलेजोको ोग हुनसक्छ,
- तनाव, डिप्रेशन जस्ता मानसिक स्वास्थ्यका समस्या देखा पर्न सक्छ,
- पाविाकि कलह अशान्ति छाउन सक्छ,

'स्वास्थ्यक जीवनशैली अपनाऔं, धूमपान मदिाबाट टाढा हौं '

नेपाल सरकार
विज्ञापन बोर्ड

## शिक्षा सम्मेलनको घोषणापत्र : "शब्द मात्रै, सार छैन"




दैनिक समाचारदाता

जनकपुरधाम, ११ असार । मधेश प्रदेश सरकारको शिक्षा तथा संस्कृति मन्त्रालयले आयोजित प्रथम राष्ट्रिय शिक्षा सम्मेलन(२०८२ सम्पन्न गर्दै १० बुँदे घोषणापत्र सार्वजनिक गरेको छ। तर दुई दिनको सम्मेलनमा करिब ५० लाख रुपैयाँ खर्चिएको तथ्य बाहिरिएसँगै, उक्त घोषणापत्रको औचित्य र परिणाममाथि शिक्षा क्षेत्रका विज्ञहरू र सरोकारवालाहरूले गम्भीर प्रश्न उठाएका छन् ।

घोषणापत्रमा मधेश प्रदेश शिक्षा नीति २०८१ को कार्यान्वयनदेखि विद्यालयबाहिर रहेका जनसंख्याको समावेशीकरण, पहुँच र सिकाइको सुनिश्चितता, क्षेत्रीय सम्भावनामा आधारित उद्यमशीलता प्रवर्द्धन, पारदर्शी विश्वविद्यालय नियुक्ति, निरन्तर अनुगमन, सीप विद्यालय तथा एकीकृत विश्वविद्यालय सेवा आयोगका लागि कानुनी सुधार, प्रदेशका विश्वविद्यालयहरूको सुदृढीकरण र शैक्षिक संस्थाहरूको सशक्तिकरण लगायतका विषय समेटिएका छन्।

तर एकातिर देशभर शिक्षकहरू शिक्षा ऐन र कानुनी सुधारको माग गर्दै आन्दोलनरत छन् भने अर्कातिर अधिकांश स्थानीय तहमा शैक्षिक अवस्था अत्यन्त कमजोर रहेको वर्तमान अवस्थामा(५० लाख खर्चेर कागजी घोषणापत्र ल्याउनु शिक्षाको विकासभन्दा प्रचारमुखी खर्चमा सीमित भएको शिक्षा विज्ञहरूको टिप्पणी छ।

शिक्षा नीति विज्ञ डा. रामेश्वर प्रसाद मिश्र भन्छन्, "घोषणापत्रमा शैली त छ, तर विषयवस्तु गहिरो छैन । पुरानै प्रतिबद्धता दोहोरिएको छ, कार्यान्वयन कसरी गर्ने भन्नेमा मौनता छ।" उनीका अनुसार, यस्ता घोषणापत्रले नीति निर्माणको औपचारिकता मात्र पूरा गर्छ, तर शिक्षाको सुधारमा कुनै ठोस असर पार्दैन।

***नीति कार्यान्वयनको अस्पष्टता***

घोषणापत्रमा शिक्षा नीति कार्यान्वयनलाई प्राथमिकता दिइएको छ तर त्यसका लागि आवश्यक कानुनी संरचना, स्रोत व्यवस्थापन, बजेट र कार्ययोजना भने प्रस्ट गरिएको छैन। तीन वर्षदेखि नीति कागजमै सीमित रहेको तथ्यले भविष्यमा पनि यिनै कमजोरी दोहोरिने डर देखाइएको छ।

मधेशमा दलित, मुसहर, थारू, मुस्लिमलगायत समुदायका बालबालिका अझै शिक्षाबाट टाढा छन्। उनीहरूलाई समावेश गर्ने भनिए पनि कसरी, कहिले र कसको सहकार्यमा भन्ने पक्ष अपूरो छ।

क्षेत्रीय सम्भाव्यताको आधारमा उद्यमशीलता प्रवर्द्धनको कुरा गर्दै शिक्षाको मुख्य उद्देश्य 'गुणस्तरीय सिकाइ'लाई ओझेलमा पारिएको देखिन्छ।

विश्वविद्यालय नियुक्तिमा दोहोरो मापदण्ड

पारदर्शिता र सेवा आयोग गठनको कुरा गरिए पनि विगतका नियुक्तिहरूमा देखिएको राजनीतिक हस्तक्षेपले यो प्रतिबद्धता आफै विरोधाभासी देखिएको छ।

शिक्षकको अनुपस्थिति, छात्रवृत्तिमा अनियमितता र शैक्षिक स्रोतको दुरुपयोगजस्ता समस्या रहँदासमेत मन्त्रालय मौन रहँदै आएको छ। सूचनाको वेबसाइट प्रकाशन मात्रले पारदर्शिता सम्भव छैन, जब शिक्षा पहुँचविहीन समुदायसम्म जान सकेको छैन। योग अभ्यास, वृक्षारोपणजस्ता कार्यक्रम सकारात्मक लागे पनि वैज्ञानिक चेतना, समावेशी सोच, र मानव मूल्यहरूको शिक्षा प्रणालीमा गहिरो समावेश नगरेसम्म नैतिक शिक्षाको सार अधुरो रहन्छ।

***व्यवहार होइन, भाषणमै सीमित?***

मन्त्री रामसरोज यादवले सम्मेलनपछि "को गरिरहेको छ?" भन्दा "के र कसरी गर्नुपर्छ?" भन्ने सोचमा सरकार केन्द्रित रहने दाबी गरे पनि आलोचकहरू यसलाई राजनीतिक शैलीको भाषणमा मात्र सीमित रहेको ठान्छन्। घोषणापत्रमा समावेश प्रतिबद्धताहरू शिक्षाको गम्भीर समस्याको समाधान हुन् वा होइनन् भन्ने प्रश्न अझै अनुत्तरित छन्। मधेशको शैक्षिक प्रणालीले अहिले पनि संरचनागत कमजोरी, स्रोत अभाव, र संस्थागत बेथिति जस्ता चुनौती भोगिरहेको छ। यस्तो अवस्थामा प्रदेश सरकारले ल्याएको १० बुँदे घोषणापत्र पर्याप्त छैन, जबसम्म त्यसमा कार्यान्वयनको स्पष्ट योजना, बजेट विनियोजन र समयसीमा समावेश हुँदैन।सरकारले अब भाषण होइन, व्यवहारमा देखाउने समय आएको छ ( नत्र, जनताले यस घोषणापत्रलाई पनि 'अर्को गफनैत्र अभियान'को रूपमा लिनेछन्।

## विन्दा पाण्डे र उषाकिरण तिम्सिनाको निलम्बन फुकुवा





दैनिक समाचारदाता

काठमाडौं, ११ असार । नेकपा एमालेले स्थायी कमिटी सदस्य डा. विन्दा पाण्डे र केन्द्रीय सदस्य उषाकिरण तिम्सिनाको निलम्बन फुकुवा गरेको छ ।

बुधबार बसेको पार्टीको सचिवालय बैठकले सो निर्णय गरेको उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिए ।

भाटभटेनी सुपरमार्केटका अध्यक्ष मीनबहादुर गुरूङबाट दानमा जग्गा लिने विषयमा प्रश्न उठाएका थिए । पार्टी निर्णयप्रति सार्वजनिक रुपमा विरोध गरेको भन्दै गत ६ कात्तिकमा उनीहरूलाई स्पष्टीकरण सोधिएको थियो ।


पाण्डे र तिम्सेनाले १२ कात्तिकमै स्पष्टीकरण पनि बुझाएकी थिइन् ।

तर, चित्तबुझ्दो जवाफ नआएको भन्दै १० पुसको सचिवालय बैठकले निलम्बनको निर्णय गरेको थियो ।


उनीहरूसहित पार्टीले भीम रावललाई पनि स्पष्टीकरण सोधेको थियो ।

मधेश सरकार
ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम
जनहितमा जारी सन्देश
"पानी जीवन हो – यसलाई जोगाऔं, बचाऔं"





- सफा र उमालिएको पानी मात्र पिउनुहोस् ।
- खाना खानुअघि र शौचालय पछि साबुन पानीले हात धुनुहोस्।
- पानी बचत गरौं, भोलीको लागि सुरक्षित गरौं ।
- जलस्रोत र नदीनालाको मुहान संरक्षण हाम्रो कर्तव्य हो ।
- इनार, कुवा, तलाउ, पोखरी जस्ता प्राकृतिक जलस्रोतहरू संरक्षण गरौं।
- वर्षातको पानी जम्ने व्यवस्था मिलाएर भूजल भण्डार संरक्षण गरौं।
- ट्युवेल, कुलो, पानी ट्यांकी तथा सिँचाइ नहरहरूको नियमित सफाइ गरौं।
- जलश्रोतमा फोहोर फाल्ने, साबुन/केमिकल हाल्ने काम नगरौं ।



## सम्पादकीय

# दलित सशक्तिकरण ऐन : नीतिको ढोल, व्यवहारमा खोक्रोपन

मधेश प्रदेश सरकारले २०७६ सालमा ल्याएको दलित सशक्तिकरण ऐन अहिले बहसको केन्द्रमा आएको छ। यो ऐन दलित समुदायका लागि राम्रो उद्देश्यका साथ ल्याएपनि सरकारको नियत सफा देखिएन । दलित समुदायको १८ प्रतिशत जनसंख्याको मत बटुल्न मात्र उद्देश्य स्पष्ट भयो ।

ऐनको मस्यौदा राम्रो छ, तर सरकारको नियत र त्यसको कार्यान्वयन शैलीप्रति विश्वास दिलाउन सकेन । यो अवस्था दलित समुदायप्रति राज्य र राजनीतिक दलहरूको पुरानै उपेक्षा र उपयोगवादी दृष्टिको निरन्तरता हो । ऐन बनाउँदा प्रदेशसभा नै थर्काएको भाषण गर्नेहरू कार्यान्वयनको सवालमा चुप छन् । न त नीति, न कार्यक्रम, न बजेट(केवल भाषणको खेती भइरहेको छ ।

दलित समुदाय जनसंख्याको हिसाबले मधेश प्रदेशमा करिब १८ प्रतिशत छन् । तर उनीहरूको प्रतिनिधित्व प्रदेश सरकारका निर्णायक तहहरूमा नगण्य छ । ऐनले दलित समुदायको समावेशी अधिकार सुनिश्चित गर्ने अपेक्षा गरिएको थियो, तर प्रमुख संयोजन समितिमा समेत दलित प्रतिनिधिको नाम छैन । यस्तो संरचनागत बहिष्कार सशक्तिकरण होइन, शोषणको परिष्कृत रूप हो । ऐन र नियमावलीले उपाध्यक्षलाई त राज्यको सुविधा दिएको छ, तर सदस्यहरूलाई पारिश्रमिकसमेत नदिने प्रवृत्ति दलित सहभागिताको औपचारिकता मात्र हो । ऐनले 'हात्तीका दाँत देखाउन र चपाउन फरक' भएको यथार्थ पुष्टि गरिरहेको छ ।

अर्को कुरा दलित समुदायको हरेक क्षेत्रमा पहुँच, सम्पन्न, विभेदको अन्त्य र न्यायको अपेक्षा छ भने एकतर्फ दलित अगुवा बन्न खोज्नेहरू कानुनी फन्दामा पारिन्छन्, अगाडि बढ्न चाहनेलाई रोक्ने काम राज्यका संयन्त्रबाटै भइरहेको छ । एमबीबीएस छात्रवृत्तिमा महादलित भनिएका तीन जातलाई मात्रै समेटेर बाँकी जातिहरूलाई उपेक्षा गर्नु नै ऐनभित्रको विभेदको प्रमाण हो । ऐनले सबै दलितको प्रतिनिधित्व नगरेर, केही जात विशेषको संरक्षण मात्र गर्छ भने त्यो ऐन होइन, नयाँ प्रकारको विभाजन हो ।

यसबाहेक, राजनीतिक सशक्तिकरणको सवाल अझै कमजोर देखिन्छ । दलित समुदायबाट मुख्यमन्त्री, मन्त्री, मेयर बन्ने सम्भावनाहरू थिचिएका छन् । चुनावमा दलितहरूलाई मतदाता मात्र सम्झिने प्रवृत्तिले परिवर्तन सम्भव छैन । सशक्तिकरणको पहिलो सर्त भनेको निर्णय गर्ने तहमा भागीदारी हो, जुन आज पनि खाली देखिन्छ ।

सम्पूर्ण दलित अधिकारका सवालमा अहिले सबैभन्दा आवश्यक कुरा हो(ऐनको इमान्दार कार्यान्वयन, समावेशी प्रतिनिधित्व, र नीति(कार्यक्रममा स्पष्ट लक्षित बजेट। यस्ता ऐनहरू केवल शोभा बढाउने साधन बन्नु हुँदैन। प्रदेश सरकारले ऐन कार्यान्वयन गर्ने स्पष्ट कार्ययोजना सार्वजनिक गर्नुपर्छ। समितिहरूमा दलित प्रतिनिधित्व, सदस्यहरूको सुविधा, क्षतिपूर्तिको व्यवस्था, शिक्षा(रोजगारीमा लक्षित कार्यक्रमको सुरुवात र तीनै तहका सरकारबाट समन्वित प्रयास आवश्यक छ।

# मन्त्रीकेन्द्रित बजेट जनमुखी हुन सक्दैन



शुष्पा भुजेल न्यौपाने

संघीयतासँगै हामी तीन तहको सरकारको अभ्यासमा छौं । यतिखेर तीनै तह (संघ, प्रदेश र स्थानीय)को नीति तथा कार्यक्रम, सिद्धान्त तथा प्राथमिकता र बजेटको काम सकिएको छ । प्रदेशमा विषयगत मन्त्रालयका छलफल कर्मकाण्डी रूपमा चलिरहेका छन् ।

आज देश नीतिगत भ्रष्टाचारको चङ्गुलमा छ । जसलाई सामान्य नागिरकले पनि बुझ्न र आकलन गर्न सक्छन् । यसले गर्दा बुद्धिजीवी वर्ग, महिला, जनजाति, दलित, सीमान्तकृत, सचेत युवा, लामो समयदेखि आफ्नो जीवन सामाजिक सेवामा त्याग गरेका व्यक्तित्वहरू र आम नागरिकले खिन्नताको अनुभूति गरिरहेका छन् । नीतिगत भ्रष्टाचारको सवाल विशेषतः बजेट विनियोजनका बेला उठ्ने गर्छ । केन्द्रमा सत्तारूढ दलले प्रदेश सरकारहरूलाई प्रभाव पार्ने प्रयास गर्ने हुँदा स्वायत्तता कमजोर भएको छ । नीति संवादमा दलगत राजनीति हाबी हुँदा दीर्घकालीन समाधानभन्दा अल्पकालीन फाइदामुखी नीतिले प्राथमिकता पाएको छ । यसर्थ योचोटिको नीति, सिद्धान्त र बजेटले केही व्यक्तिभन्दा बाहेक आम नागिरकलाई खिन्न पारेको छ । सामाजिक सञ्जाल, चियाचौतारी र सार्वजनिक यातायातमा समेत बागमती सरकारको उँधोगतिको चर्चा हुन थालेका छन् ।

यो सुनिरहँदा म मेरो जिम्मेवारीप्रति सचेत छु । गलत कुराको खबरदारी गर्छु । सत्य कुरालाई आत्मसात गर्दछु । नागरिकको आवाज बोल्न छाड्दिनँ र सरकारलाई रचनात्मक सहयोग गरिरहन्छु । सरकार बन्ने तरिका र सञ्चालनका प्रक्रिया हामी सबैले नजिकबाट देखेर, भोगेर वा सुनेर मनन् गरेकै छौं । अरू प्रदेशको तुलनामा बागमती प्रदेशप्रति सबैको ध्यान विशेष तरिकाबाट थियो नै । संघीय राजधानी, विभिन्न सरकारी तथा गैरसरकारी संघ-संस्थाहरू रहेको ठाउँ र राजस्व संकलन तथा वितरणका दृष्टिकोणले यो प्रदेश अपेक्षामा रहनु स्वाभाविक देखिन्छ । नागरिकले सरकारप्रति नै हो आशा गर्ने तर नेपालका दुई ठुला दलको गठबन्धन सरकारले ल्याएको बजेट (२०८२/८३)ले नागरिकको आशालाई निराशामा बदलेको छ । सिद्धान्त तथा प्राथमिकतामा सदनमा बोलेको कुरा, नीति तथा कार्यक्रममा बोलेका कुरामा सुन्दा लाग्थ्यो– जनपक्षीय बजेट आउनेछ, एकद्वार प्रणालीको नीतिलाई कार्यान्वयनमा ल्याउनेछ, लुप होलहरू बन्द गरिनेछन् ।

मलाई भने नेटमा खोजेर ल्याएका रमाइला नारा र सरकारको आलोकाँचो बोलीप्रति कति पनि विश्वास थिएन । मलाई डर थियो, आफैं शंकामा धेरै डुबें कि भनेर तर होइन रहेछ । सरकारले १५ दिनमै पुष्टि गरिदियो, आफ्नो असली चित्र र चरित्र ।

जनपक्षीय बजेट भनेको के हो भन्ने सामान्य मान्छेले पनि बुझ्न सक्छ । यसका खास इन्डिकेटरहरू के हुन् ? कक्षा ८-१० मा अध्ययन गर्दै गरेका बाबुनानीलाई सोध्नुस् वा मेरो सिन्धुलीमा जुनारको बिरुवा गोड्दै गरेको किसानलाई सोध्नुस्, तपाईंले बुझ्ने भाषामा उहाँले भनुहुनेछ– बजेट भनेको जनताको कर जनतामै फर्काउनु हो । जनपक्षीय बजेटले जनताको आवश्यकता र चाहनालाई प्राथमिकता दिन्छ ।

सामाजिकन्यायमा आधारित र सबै वर्ग, लिंग, समुदाय, उमेर समूह तथा क्षेत्रलाई समेट्ने किसिमको बजेट नै आजको आवश्यकता हो । वर्तमान सरकारले बजेटलाई सही ढंगबाट ल्याउन सकेको छैन । यो सरकारले इतिहासमा गलत नजिर छाडेको छ ।

अझ यसलाई सरल भाषामा भन्ने हो भने बागमती प्रदेश सरकार जुन समयदेखि ठुला दलको नेतृत्वमा गयो, त्यो दिनदेखि नै कर्तव्यविहीन बन्दै छ । एउटा मात्र उदाहरण भन्दा– हिउँदे अधिवेशन आह्वान गरेर सांसद्हरू सदन जाने घडी पर्खंदै गर्दा सरकार अधिवेशन सकिएको 'म्यासेज' पठाउँछ ।

नीति र बजेट सरकारको मेरुदण्ड हो । जनताले आशा गर्ने भनेको पनि यही कुरा हो । आज यसको किन चौतर्फी आलोचना छ भन्दा कुनै पनि कोणबाट यो नीतिसंगत छैन । यसलाई पुष्टि गर्न केही तथ्य-तथ्यांक हेरौं

जनगणना २०७८ को तथ्यांक अनुसार काठमाडौं जिल्लाको जनसंख्या २० लाख ४१ हजार ५८७ छ । यस्तै यहाँ संघीय प्रतिनिधिसभाका लागि १० वटा र प्रदेशसभाका लागि २० वटा निर्वाचन क्षेत्र रहेका छन् । पाँच लाख ५१ हजार ६६७ जनसंख्या रहेको ललितपुरमा संघका लागि तीनवटा र प्रदेशसभाका लागि ६ वटा निर्वाचन क्षेत्र रहेका छन्

चार लाख ३२ हजार १३२ जनसंख्या रहेको भक्तपुरमा संघका लागि ३ वटा र प्रदेशका लागि ६ वटा निर्वाचन क्षेत्र रहेका छन् । सात लाख १९ हजार ८५९ जनसंख्या रहेको चितवनमा संघका लागि तीनवटा र प्रदेशका लागि ६ वटा निर्वाचन क्षेत्र रहेका छन् ।

चार लाख ६६ हजार ७३ जनसंख्या रहेको मकवानपुरमा संघका लागि दुईवटा र प्रदेशका लागि चारवटा निर्वाचन क्षेत्र रहेका छन् । तीन लाख २५ हजार ७१० जनसंख्या रहेको काभ्रेमा संघका लागि दुई र प्रदेशका लागि चार निर्वाचन क्षेत्र रहेका छन् । तीन लाख २५ हजार ७१० जनसंख्या रहेको धादिङमा संघका लागि दुईवटा र प्रदेशसभाका लागि चारवटा निर्वाचन क्षेत्र रहेका छन् । दुई लाख ६३ लाख ३९२ जनसंख्या रहेको नुवाकोटमा संघका लागि दुई र प्रदेशका लागि चारवटा निर्वाचन क्षेत्र रहेका छन् । तीन लाख २६ जनसंख्या रहेको सिन्धुलीमा संघका लागि दुई र प्रदेशका लागि चारवटा निर्वाचन क्षेत्र रहेका छन् । दुई लाख ६२ हजार ६२४ जनसंख्या रहेको सिन्धुपाल्चोकमा संघका लागि दुई प्रदेशका लागि चारवटा निर्वाचन क्षेत्र रहेका छन् । एक लाख ७२ हजार ७६७ जनसंख्या रहेको दोलखामा संघका लागि एक र प्रदेशका लागि दुईवटा निर्वाचन क्षेत्र रहेका छन् । एक लाख ७० हजार ३०२ जनसंख्या रहेको रामेछापमा संघका लागि एक र प्रदेशका लागि दुईवटा निर्वाचन क्षेत्र रहेका छन् । ४६ हजार ६८९ जनसंख्या रहेको रसुवामा संघका लागि एक र प्रदेशका लागि दुईवटा निर्वाचन क्षेत्र रहेका छन् ।

यसरी मसिनो रूपमा हेर्दा पनि पारदर्शी छैन केही बजेट । १४ भाइ र केही पहुँचवाला कर्मचारीको पकेटभित्र बजेट केन्द्रित देखिन्छ । उनीहरुलाई मन लागेको ठाउँमा र मन लागेका बेला प्रयोगमा ल्याउन सक्ने खालको वितरणमुखी बजेट देखिन्छ र यो बजेट केही घुमाउरो बाटोबाट बिक्रीमुखी छ । किन छ भन्दा प्रदेशसभा सदस्य, जो जनाताको मतदानबाट निर्वाचित भएर जुन क्षेत्र वा जिल्लाबाट सरकारको प्रतिनिधित्व गर्छन्, उनीहरुलाई नै योजनाका विषयमा थाहा हुँदैन । योजनाको नाम, बजेट स्थान आवश्यक हो वा होइन– यस्ता प्रकृतिको बजेट अनगिन्ती संख्यामा छन् । जसले १४ भाइको असली रूप त आयो नै, प्रदेशसभाको सदस्य भन्ने हैसियतमा पनि प्रश्न खडा भएको छ ।

बागमती प्रदेश सरकारले बजेट भाषण भएको दुई साता पुग्न लाग्दा समेत योजनाको किताब वितरण गर्न सकेको छैन । कार्यक्रममा किताबलाई पेन्ड्राइभमा दिने भनेर बाँडे पनि त्यसमा कुनै फाइल अपलोड हुँदैन । यस्ता कार्य गर्ने यो सरकारको बिचरोपन देखेर दया लाग्छ । जसको हातमा डाडुपन्यु उही भोकै भए भनेर रुँदै हिँडेको सुन्दा र देख्दा झन् लाज लागेर आउँछ । एउटा उखानको याद राम्रैसँग आयो– कपाल नभएको मान्छेलाई काइँयो दिनु र दाँत नभएको मान्छेलाई ओखर दिनु उस्तै हो । आज मैले मात्र होइन मभन्दा कम उमेरको पुस्ताले यो कुराको गहिरो अनुसन्धान गरिरहेको छ । प्रदेश सरकारसँग बजेट नै भएन भनेर हरेक वर्ष भनिरहेको हुन्छ । वर्ष (२०८२/८३) का लागि बागमती सरकारले ६७ अर्बको बजेट ल्याएको छ । जुन चालु वर्षको भन्दा पाँच प्रतिशतले बढी हो । विगतका वर्षको बजेट कार्यान्वयनको अवस्था हेर्दा बजेटको खर्च करिब ७२ प्रतिशत मात्रै छ । विशेषतः पुँजीगत खर्च निकै कम (३८.९१ प्रतिशतमा सीमित) छ । यसले आगामी वर्षको बजेटको कार्यान्वयन क्षमताप्रति पनि गम्भीर प्रश्न उठाएको छ ।

### *बजेटको संरचना र कार्यान्वयनको असमर्थता*

बजेट बनाउनु मात्र होइन खर्चको प्रभावकारिता मुख्य हो । विगतका वर्षकै अनुभवबाट सिकेर कार्यान्वयन प्रणाली सुधार गरिनुपर्ने हो तर त्यस्तो गम्भीर योजना देखिन्न । चाहिनेभन्दा धेरै कार्यक्रम रहेका छन् । बजेटमा ७६ वटा कार्यक्रम थपिएका छन् तर पुराना क्रमागत कार्यक्रम नै समयमै सम्पन्न हुन सकेका छैनन् । नयाँ सुरु, अधुरा बाँकी भन्ने प्रवृत्ति दोहोरिएको छ । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा युवाको लाइन देख्ने सरकारले बजेट बनाइरहँदा युवालाई स्वरोजगार दिने त भनेको छ । युवालाई स्टार्टअप अनुदान, सहुलियत ऋणजस्ता कुरा दोहोरिएर उल्लेख भएका छन् । विगतका वर्षमा त्यसको उपयोग, मूल्यांकन वा प्रभावकारिता के कस्तो रह्यो भन्ने कुनै तथ्यांक छैन । यो वर्ष कति युवालाई रोजगार सिर्जना गर्ने भन्ने संख्यामा छैन, होलसेलमा छ; जसले गन्तव्य नै लिन सक्दैन ।

संघीयता कार्यान्वयनमा गम्भीर समन्वयको अभाव छ । संघ र स्थानीय तहसँगको समन्वय विफल हुँदा विपद् व्यवस्थापन, पूर्वाधार निर्माण, बजेट बाँडफाँटमा प्रभावकारिता आएको छैन । यो बजेटले पनि कुनै गति लिने देखिँदैन । विगतमा ४० प्रतिशत पनि नपुगेको खर्च पुनः दोहोरिने संकेत छ । संविधानले समाजवाद उन्मुख राज्य भनेको छ । राज्यका नीति बजेटमा प्रतिविम्बित हुनुपर्ने संवैधानिक व्यवस्था छ तर बजेट त्यतातर्फ पटक्कै केन्द्रित छैन । तसर्थ कर्मकाण्डी होइन कार्यान्वयन हुने बजेट चाहिएको छ । नेता र मन्त्रीमुखी होइन आधारभूत जनताका आवश्यकता सम्बोधन हुने बजेट चाहिएको छ । यस बजेटले ती आवश्यकता पूरा गर्दैन भन्ने यो सरकारले गहिरो छाप छाड्न प्रदेश सरकार सफल भएको छ ।

यो बजेट कागजमा आकर्षक छ तर विगतका अनुभवले कार्यान्वयनमाथि विश्वास जगाउँदैन । हामीले घोषणामुखी होइन परिणाममुखी बजेटको माग गर्नुपर्छ । अब आवश्यकता छ– ठुला, बहुवर्षीय, उच्च प्रतिफल दिने कार्यक्रमहरूमा प्राथमिकता दिनुपर्ने; खर्च गर्ने दक्षता र स्पष्ट कार्यान्वयन प्रणालीको विकास गर्नुपर्ने । नभए यो बजेट पनि बर्सेनि दोहोरिने वाचा र बर्सेनि बिर्सने अनुभव बन्नेछ ।*(लेखक बागमती प्रदेशसभा सदस्य हुन् ।)*

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मधेश प्रदेश सरकारद्वारा उच्चस्तरिय समिति गठन

दैनिक समाचारदाता
जनकपुरधाम, ११ असार । मधेश प्रदेश सरकारले उद्योग तथा व्यवसाय क्षेत्रसँग सम्बन्धित समस्या समाधान, कानुनी सुधार र समन्वयका लागि मुख्यमन्त्री सतीशकुमार सिंहको संयोजकत्वमा उच्चस्तरीय समिति गठन गरेको छ ।

प्रदेश सरकारको कार्यविभाजन नियमावली, २०७९ को अनुसूची २ अनुसार प्रक्रिया अगाडि बढाउँदै गठन गरिएको समितिले मधेशको उद्योग क्षेत्रलाई आधुनिकीकरण गर्ने, निजी क्षेत्रसँग सहकार्यमा नीतिगत रूपरेखा तय गर्ने र अवरोध सिर्जना गरिरहेका कानुनी जटिलताहरू हटाउने जिम्मेवारी पाउनेछ ।

प्रदेशका विभिन्न मन्त्रालय, निकाय तथा निजी क्षेत्रका




प्रतिनिधिहरू सम्मिलित समितिमा नीति निर्माणदेखि कार्यान्वयन तहसम्मको सहभागिता सुनिश्चित गरिएको छ।

मुख्यमन्त्री सिंह संयोजक रहेको समितिमा अर्थमन्त्री, उद्योग, वाणिज्य तथा पर्यटन मन्त्री, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिव, नीति तथा योजना आयोगका उपाध्यक्ष, सम्बन्धित मन्त्रालयका सचिवलगायत सरकारी पदाधिकारीहरू सदस्य छन् ।

निजी क्षेत्रबाट नेपाल उद्योग वाणिज्य महासंघ मधेश प्रदेशका अध्यक्ष अशोक टेमानी, निवर्तमान अध्यक्ष गणेश लाठ, बीरगन्ज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतम, महासंघका उपाध्यक्ष जितेन्द्र महासेट, होटल तथा पर्यटन व्यवसायी संघका अध्यक्ष हिरालाल गौतम, सिएनआई मधेश प्रदेश अध्यक्ष प्रमोद शाह र वस्तुगत संघका प्रतिनिधि सुधिर अग्रवाल सदस्यका रूपमा रहेका छन् ।

समितिको सदस्य-सचिवको भूमिकामा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रमुख सचिवले तोकेको मन्त्रालयका अधिकृतस्तरको कर्मचारी रहने व्यवस्था गरिएको छ ।

सरकारले यस समितिबाट उद्योग तथा व्यापार क्षेत्रको दीर्घकालीन सुधारका लागि व्यावहारिक कार्ययोजना र सिफारिसहरू आउने अपेक्षा राखेको छ । निजी क्षेत्रसँगको साझेदारीलाई संस्थागत गर्दै लगानीमैत्री वातावरण निर्माण गर्ने सरकारको लक्ष्य रहेको बताइएको छ ।

# असार १४ गते नागरिकता विधेयक पास हुन्छ : गृहमन्त्री

दैनिक समाचारदाता
काठमाडौं ११ असार । गृहमन्त्री रमेश लेखकले नेपाल नागरिकता विधेयक असार १४ गतेको प्रतिनिधि सभाबाट पारित हुने बताएका छन् ।

बुधबार सिंहदरबारमा बसेको राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा बोल्दै उनले यसबारे जानकारी गराएका हुन् । विधेयक छिटो पारित गर्नुपर्ने र अड्काएर राख्न नहुने उनको भनाइ थियो ।

'मैले पाएको जानकारीअनुसार १४ गते सम्मानित प्रतिनिधि सभामा पेस हुँदैछ । त्यसलाई १४ गते नै पास गर्छौं,' गृहमन्त्री लेखकले भने, 'चाँडो भन्दा चाँडो नागरिकताको विषयलाई पनि टुंग्याऔँ । यदी सम्भव हुन्छ भने यो महिनाभित्र यो विधेयकलाई पनि टुंगो लगाऔँ ।'




समितिले छोटो समयमा छलफल गरेर नागरिकता सम्बन्धी विधेयक समितिबाट टुंगोमा पुर्‍याएको बताउँदै १४ गते प्रतिनिधि सभाबाट पारित गर्ने बताएका हुन् ।

सम्भव भए नेपाल प्रहरी सम्बन्धी कानूनलाई संशोधन गर्न बनेको विधेयक पनि असार महिनाभित्रै समितिबाट पारित गरेर सदनमा पेश गर्ने वातावरण बनाइदिन गृहमन्त्री लेखकले आग्रह गरेका छन् ।

समितिमा आजबाट नेपाल प्रहरी सम्बन्धी कानुनलाई संशोधन गर्न बनेको विधेयक माथि सैद्धान्तिक छलफल सुरु भएको छ ।

गृहमन्त्री लेखकले प्रहरी यो विधेयक सरकारको प्राथमिकतामा रहेको बताएका छन् ।

# 'मधेशको समृद्धिका लागि खेल क्षेत्रको विकाश अपरिहार्य'

दैनिक समाचारदाता
महोत्तरी ११ असार । मधेश प्रदेशका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोदकुमार जयसवालले खेल क्षेत्रसँग सम्वद्ध अब्यवस्थित तथा अधुरा संरचनाहरुको ब्यवस्थापन र पूर्वाधारको विकाश गरि खेल गतिविधि चलायमान बनाउन मधेश प्रदेश सरकार योजनावद्ध रुपमा अघि बढेको बताउनु भएको छ ।

उहाँले मधेशको विकाशका लागि खेल क्षेत्रको विकाश अपरिहार्य भएको बताउदै बर्दीबाससमेत अन्य जिल्लाका अब्यवस्थित खेल पूर्वाधारको विकाश गर्न र राष्ट्रिय गौरवको रामजानकी अन्तर्राष्ट्रिय स्टेडियमलाई नीति कार्यक्रममा समावेश गरिएको बताउनुभयो ।

मन्त्री जयसवालले बर्दीबास-३ स्थित गौरीडँडामा नवनिर्मित खुलामञ्च तथा खेलमैदान प्रवेशद्वारको बुधबार उद्घाटन गर्दै सो कुरा बताउनु भएको हो ।

उहाँले भन्नुभयो, 'खेलकुदका नयाँ संरचना निर्माण गर्ने, अब्यवस्थितलाई ब्यवस्थित गर्ने र अधुरा संरचना पुरा गरि प्रदेशको खेल क्षेत्रलाई अग्रगति दिने योजनालाई बजेटमै ब्यवस्था गरिएकोले आर्थिक वर्ष ०८२/८३ मा प्रदेशको खेल क्षेत्रले अग्रगति लिने विश्वाशमा छौं ।'

स्थानीय गौरीडाँडाका जनताको आफनै सहयोग श्रमदान र बर्दीबास



नगरपालिकाको आर्थिक सहयोगमा नव निर्मित प्रवेशद्वार उदाहरणीय कार्य भएको बताउदै गौरीडाँडा खुलामञ्चको ४ विगाहा २ कठ्ठा क्षेत्रफलको विकाशका लागि प्रदेश सरकारले सहयोगको दायरा बढाउदै जाने विश्वाश दिलाउने भयो । प्रवेशद्वारको उचाई २२ फिट र चौडाइ २० फिट छ ।

संघीय राजधानीलाईं जोडने मधेश प्रदेशकै प्रवेशद्वारको रुपमा रहेको बर्दीबासमा विकाशका अनेकन संभावना रहेकाले यसलाई खेल पर्यटनसंग जोडन पनि प्रदेश सरकार योजनावद्धरुपमा अघि बढेको उहाँको भनाई थियो ।

उहाँले भन्नुभयो, 'गौरीडाँडा खुलामञ्चको विकाशमा प्रदेश सरकार सकारात्मक छदै छ । अर्कोतिर बर्दीबासमै रहेको सैनिक पृतनामा पनि रंगशाला निर्माणको योजना अघि बढेकोले यस क्षेत्रको विकाश, पर्यटन प्रवर्द्धन र ब्यापारलाई चलायमान बनाउने छ ।'

मन्त्री जयसवालले भरखरै खेलकुद ऐन पनि बनेको र खेलकुद परिषद पनि गठन भइसकेकोले लामो समयदेखि अन्यौल र अनिश्चियमा परेको जनकपुरस्थित अन्तर्राष्ट्रिय स्तरको रामजानकी रंगशालाको निर्माणको गति अघि बढेको बताउनुभयो ।

गुठीसँग जग्गा सम्झौताको वार्ता अन्तिम चरणमा पुगेकोले यो रङ्गशालाको निर्माणले मधेश प्रदेशकै खेल संसारमा नयाँ क्षितिज खोल्ने धारणा राख्नु भयो ।

उहाँले भन्नुभयो, 'मधेश प्रदेश खेलकुदको उर्वर भूमि भएकोले यस क्षेत्रको संस्थागत विकाश गर्नुको विकल्प छैन । हामी वीरगंजलगाएत प्रदेशका सवै ठाँउको खेल मैदान ब्यवस्थापनको गतिविध अघि बढाउने तयारीमा छौं ।' कार्यक्रममा बर्दीबास नगरप्रमुख प्रहलाद क्षेत्रीले मधेश र पहाडको संगममा रहेको बर्दीबासको खेल क्षेत्रलाई उचाइमा पुर्‍याउन प्रदेश सरकारको भूमिका अपरिहार्य रहेको धारणा राख्नुभयो ।

## अधिवक्ता केसीलाई २५ हजार धरौटीमा छाड्न आदेश



दैनिक समाचारदाता
काठमाडौं, ११ असार । अधिवक्ता एवं राप्रपा नेता सुजित केसी २५ हजार रुपैयाँ धरौटी बुझाएर छुटेका छन् ।

नेपाल प्रहरीको साइबर ब्यूरोले विद्युतीय कारोबार ऐन, २०६३ विरुद्ध अनुसन्धान गरेर सरकारी वकिललाई रायसहितको प्रतिवेदन बुझाएको थियो ।

त्यसको आधारमा जिल्ला अदालत काठमाडौंमा दायर मुद्दामा न्यायाधीश विष्णुप्रसाद अवस्थीको इजलासले उनलाई २५ हजार रुपैयाँ धरौटी माग्ने आदेश गरेको थियो । धरौटी वापतको रकम जम्मा गरेर केसी छुटेको राप्रपा प्रवक्ता मोहनकुमार श्रेष्ठले अनलाइनखबरलाई बताए ।

सामाजिक सञ्जाल फेसबुकमा हिल्टन होटलसँग सम्बिन्धत विषयमा लेखेको विषयलाई लिएर ब्यूरोले उनीलाई साइबर अपराधको मुद्दामा अनुसन्धान गर्न भन्दै पक्राउ गरेको थियो ।

तर, त्यसविरुद्ध सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट पर्‍यो । अनि, अदालतले छाड्न आदेश दिएपछि उनी छुटेका थिए ।

## विद्यालय शिक्षा विधेयक पास गर्ने

दैनिक समाचारदाता
काठमाडौं, ११ असार । प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले विद्यालय शिक्षा विधेयक असार १३ गते पारित गर्ने तयारी गरेको छ।

यसका लागि भोलि समिति बैठक बोलाइएको छ। समितिमा विवादित विषयहरू सुल्झाउने प्रयास जारी छ। बिहीबार बिहान उपसमिति बैठक बसेर दिउँसो पूर्ण समितिमा पेस गर्ने तयारी छ।

विधेयकमा निजी विद्यालयको व्यवस्थापन, प्रारम्भिक बाल शिक्षा (ईसीडी), र शिक्षकका मागहरू मुख्य मुद्दा बनेका छन्। विधेयक समितिबाट पास भएपछि प्रतिनिधिसभा, त्यसपछि राष्ट्रिय सभामा छलफलपछि राष्ट्रपतिबाट प्रमाणित भई कानुन बन्नेछ।

# नेपाल पानी उद्योग महासघ दर्ता




दैनिक समाचारदाता
काठमाडौं ११ असार । नेपाल पानी उद्योग महासङ्घ दर्ता गरिएको छ । सोमबार नेपाल पानी उद्योग महासङ्घ जिल्ला प्रशासन कार्यालय काठमाडौँमा दर्ता गरिएको हो । विक्रम लिम्बु चेमजोङको अध्यक्षतामा दर्ता भएको महासङ्घको वरिष्ठ उपाध्यक्षमा भरत बुढाथोकी, उपाध्यक्षहरूमा बिन्द्र मोहन अधिकारी, पुरुषोत्तम पाण्डे, रुपचन्द्र नौलखा, सवि कार्की, भुवन लोहनी, साहिल साह,टेकेन्द्र सिंह कुन्जेडा र कृष्ण प्रसाद आचार्य रहेका छन् ।
त्यस्तै, महासङ्घको महासचिवमा ध्रुव प्रसाद अधिकारी रहेका छन् । समितिको उपमहासचिवमा रोसा श्रेष्ठ, कोषाध्यक्षमा देव नारायण चौलागाईं रहेका छन् ।महासङ्घको सदस्यहरुमा सहदेब बोलखे, विष्णु हमाल, पदम राउत, शौरभ मारु, नारायण गिरी, रक्की लामा, ,आशिष चौधरी, मनिष महासेठ, राम सुवाल र जितेन्द्र दाहाल रहेका छन् ।नेपालभर फैलिएका पानी उद्योगीहरूको लामो समयदेखिको साझा सपना, सातै प्रदेशका उद्योगीहरूको प्रतिनिधिमूलक सहभागितामार्फत नेपाल पानी उद्योग महासङ्घको दर्ता सफल भएको महासङ्घका महासचिव ध्रुव प्रसाद अधिकारीले बताए । महासचिव अधिकारीले महासङ्घ दर्ता प्रक्रिया सफल बनाउन प्रत्यक्ष वा परोक्ष रूपमा साथ, समर्थन र योगदान गर्ने सम्पूर्णमा कृतज्ञता व्यक्त गरेका छन् । पानी उद्योगीहरूले भोगिरहेका नीतिगत र व्यवहारिक समस्याहरूको समाधान खोज्न पूर्णतः प्रतिबद्ध रहेको समेत उनले बताए ।

# पेट्रोलियम पदार्थ आयातबाट ७३ अर्ब राजस्व सङ्कलन




दैनिक समाचारदाता
वीरगञ्ज, ११ असार ।
वीरगञ्ज भन्सार कार्यालयले चालु आर्थिक वर्ष २०८१/८२ को ११ महिनामा सबैभन्दा धेरै राजस्व पेट्रोलियम पदार्थको आयातबाट रु ७३ अर्ब १८ करोड सङ्कलन गरेको छ । कार्यालयले चालु आवको ११ महिनामा पाँच थरिका पेट्रोलियम पदार्थ आयात गर्न रु एक खर्ब ७४ अर्ब नौ करोड रकम खर्चिएको छ । आयातबाट प्राप्त कुल राजस्वमा मुख्य २० वस्तुबाट प्राप्त राजस्वको योगदानमा पेट्रोलियम पदार्थको हिस्सा भने ४६ दशमलव ४३ प्रतिशत रहेको छ ।
वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक दीपक लामिछानेले वीरगञ्ज भन्सारको राजस्वको मुख्य आधार नै पेट्रोलियम पदार्थ र सवारीसाधनको आयातबाट प्राप्त हुने राजस्व रहेको बताउनुभयो । त्यस्तै, दोस्रो धेरै राजस्व भने यातायात साधन र तिनका पार्टपुर्जा आयातबाट रु १७ अर्ब ७० करोड रकम प्राप्त भएको छ । आयातबाट प्राप्त राजस्वमा यातायातको साधन र पार्टपुर्जाको हिस्सा भने ११ दशमलव २३ प्रतिशत छ ।
त्यसैगरी, फलाम तथा फलामबाट बनेका सामानबाट रु पाँच अर्ब ७८ करोड राजस्व सङ्कलन गरेको छ । मेसिनरी तथा पार्टपुर्जा आयातबाट रु पाँच अर्ब २६ करोड सङ्कलन गरेको छ । इलेक्ट्रिक मेसिनरी, उपकरण र तिनका पार्टपुर्जा आयातबाट रु तीन अर्ब ६७ करोड सङ्कलन गरेको प्रमुख भन्सार प्रशासक लामिछानेले बताउनुभयो ।
चालु आवकै ११ महिनामा सबै प्रकारका कपडा आयातबाट रु तीन अर्ब छ करोड राजस्व सङ्कलन भएको छ । सोही अवधिमा सुर्ती र सुर्तीजन्य पदार्थको आयातबाट रु दुई अर्ब ५८ करोड, शृङ्गारका सामान आयातबाट रु दुई अर्ब ५२ करोड, प्लाष्ट्रिकका कच्चा पदार्थ आयातबाट रु दुई अर्ब ३२ करोड तथा अन्य लुब्रिकेटङ्ग आयलको आयातबाट रु दुई अर्ब १९ करोड राजस्व सङ्कलन भएको प्रमुख भन्सार प्रशासक लामिछानेले जानकारी दिनुभयो ।

# नीति तथा कार्यक्रम विपरीत बजेट : प्रमुख सचेतक यादव

दैनिक समाचारदाता
जनकपुरधाम, ११ असार । मधेश प्रदेश सभाका सभासद् तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका मधेश प्रदेश संसदीय दलका प्रमुख सचेतक रामअशिष यादवले मधेश प्रदेश सुधारको दिसामा नरहेको टिप्पणी गरेका छन् ।



आर्थिक बर्ष २०८२/०८३ को राजस्व र व्ययको वार्षिक अनुमान माथिको सामान्य छलफलमा माग लिदैं सभासद् यादवले ९ औं नीति तथा कार्यक्रम तथा बजेट वक्तव्यमा रहेको भएपनि प्रदेश सरकार विगत भन्दा धेरै नै धरासायि बनेको बताए ।

उनले मधेश प्रदेश सरकार विकासको गतिमा अगाडि बढोस भनेर जनताको इच्छा रहे पनि जनता निराश बनेको बताए । उनले जनता मधेश प्रदेश सरकारको बर्तमान अवस्थामा सुधार आओस भनेर जनता चाहि रहेको भए पनि सरकारको काम कारवाही प्रति जनता अत्यन्तै दुःखी बनेको बताए । मधेश प्रदेश सभामा अत्यन्तै गम्भीर छलफल चलि रहेको छ तर प्रदेशका मुख्यमन्त्री नै अनुपस्थित भए पछि जनतामा निराशा आउनु स्वभाविक रहेको बताए ।

प्रदेश सभाको आजको बैठक अत्यन्तै महत्वपूर्ण रहँदा पनि मुख्यमन्त्री र मन्त्रीहरुनै अनुपस्थित भए पछि उनले यस्ता यस्ता समयमा सवैको अनिवार्य उपस्थितिको कानुन निर्माण गर्नुपर्ने सुझाव दिएका थिए । उनले भने-'यति ठूलो बिषयमा छलफल भई रहेको छ आय-व्ययको अनुमन, राजस्व कति आउँछ, कति खर्च भयो, संचित कोषको अवस्था के हो ? यो सवै विषयको चित्रण आज मधेश प्रदेश सभामा हुँदैछ ।'

मधेश प्रदेश सरकार नीति तथा कार्यक्रम अनुसारको बजेट ल्याउन नसकेको आरोप उनले लगाएका थिए । उनले नीति तथा कार्यक्रममा कृषि, शिक्षा, स्वास्थ्यमा पर्यटनमा परिवर्तन हुन्छ जस्तो लागको थियो तर बजेट वक्तव्य आउँदा शिक्षामा बजेट कति भनेर प्रश्न समेत गरेका थिए । उनले शिक्षा मात्र तीन अर्व ५७ करोड बजेट दिएर मधेश प्रदेश सरकार शिक्षालाई अप्हेलना गरेको गुनासो समेत गरे ।

विश्व जलवायु परिवर्तनमा गम्भीर भए पनि मधेश प्रदेश सरकार कंक्रिट जोड दिएको भन्दै सरकारको आलोचना गरेका थिए । उनले कंक्रिट निर्माणकालागि सरकारले विनियोजन गरेको करिव १६ अर्व रुपैयाँ ? प्रदेशलाई सरकार कहाँ लिएर जान चाहेको हो उनको प्रश्न थियो । उनले मधेश प्रदेश सरकार संग योजना नरहेको भन्दै सांसदको योजना भन्दा बढी विचौलियाको योजना रहेको आरोप समेत लगाएका थिए ।

उनले मन्त्रीहरुले व्यापक रुपमा मनमौजी र उल्लेघन गरेको आरोप लगाउँदै यसको प्रमाण रेडबुक रहेको बताएका थिए । यो विकासको योजना नरहेको बताउँदै उनले विकासको योजनाकालागि बहुबार्षिक, बहुउदेश्यीय योजना हुनुपर्नेमा जोड दिएका थिए ।

उनले भने-'पुराना सरकारहरुले बताएको ट्र्याक भन्दा एक कदम अगाडि बर्तमान सरकार नरहेको बताएका थिए । एक निर्वाचन क्षेत्र एक पक्की सडक पूर्व मुख्यमन्त्री लालबाबु राउतले बनाएको योजना हो, त्यस योजनावाट प्रदेश कहाँ त्यो योजनावाट अगाडि बढ्न सकेको छ ।'

प्रदेश सरकार डिपिआरमा बढी ध्यान दिएको टिप्पणी गर्दै सभासद् यादवले भने-'मिथिला पेन्टिङ्गमा बजेट नछुट्टियाइए पनि कंक्रिटको वाल निर्माण हुने र त्यसमा मिथिला पेन्टिङ्ग गर्नकालागि बजेट विनियोजन गरिएको छ । यो खुलेआम पैसा खाने मनोसाय रहेको जो स्पष्ट बुझ्न सकिन्छ । कहा लिएर जादैं हुनु हुन्छ प्रदेशलाई ? मिथिला चित्रकलाको प्रवर्द्धन र सम्वर्द्धन वालमा बनाएर हुन्छ ? मधेश भवनको अगाडि बनाउनु भएको छ स्वागत योग्य छ । मधुवनीमा जानुस रेल्वे स्टेशनलाई मिथिला पेन्टिङ्गले सजाइएको छ, रेल्वेको बुगिहरुलाई सजाइएको छ । भनिन्छ कलाकारहरुलाई 'पेटमे खर नहि सिंहमे तेल' ।'

# ओलीले बुझाए पार्टी सदस्यता शुल्क र लेबी



दैनिक समाचारदाता
काठमाडौं ११ असार । प्रधानमन्त्री समेत रहेका नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले बुधबार पार्टीको सदस्यता शुल्क र लेबी बुझाएका छन् ।

एमाले केन्द्रीय कार्यालय, च्यासलको वित्त तथा कोष व्यवस्थापन विभागमा आफैं पुगेर अध्यक्ष ओलीले आर्थिक दायित्व फरफारक गरेका हुन् ।

अध्यक्ष ओलीलाई केन्द्रीय कार्यालयका सचिव डा भीष्म अधिकारी र लेखा प्रमुख राजेन्द्र श्रेष्ठले रसिद बुझाए। एमाले नेता कार्यकर्ताहरूले प्रत्येक वर्ष सदस्यता शुल्क र लेबी बुझाउने गरेका छन् । सांसदसहित पार्टीबाट लाभको पदमा नियुक्त भएकाहरुबाट एमालेले लेबी उठाउने गर्छ । एमालेको सदस्यता शुल्क वार्षिक ३०० रुपैयाँ रहेको छ । जुन रकमका साथसाथै ओलीले लेबीबापत १२ महिनाको ३ लाख बुझाएका हुन् । ओलीले लेबी र सदस्यता शुल्क गरेर कुल ३ लाख ३०० रुपैयाँ बुझाएको एमालेले जनाएको छ ।

# सरकार जनचाहनाअनुसार काम गर्न असफल : अध्यक्ष साह

दैनिक समाचारदाता
रौतहट ११ असार । आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकारले जनताको चाहना र अपेक्षाअनुसार काम गर्न नसकेको बताएका छन्।

बुधबार गृहजिल्ला रौतहटको गुजरा नगरपालिका-बलुवा टोलमा आयोजित 'भ्रष्टाचारविरुद्ध अन्तरक्रिया' कार्यक्रममा बोल्दै अध्यक्ष साहले मुलुकमा सुशासन र पारदर्शिताको माग उच्च भए पनि त्यसअनुरूप काम नभएको बताए।उनले भने, 'देशको हावा, पानी, जमिन, जनशक्ति र प्राकृतिक स्रोत-साधन राम्रो भए पनि नेतृत्वको कमजोरीका कारण मुलुकले अपेक्षित समृद्धि हासिल गर्न सकेको छैन। जनताको सरकारको अवधारणा बोकेर आएको व्यवस्थाले अझै जनअपेक्षाअनुरूप सेवा प्रवाह गर्न सकेको छैन।'अध्यक्ष साहले मुलुकमा बढ्दो महँगी, करका बहानामा जनतामाथिको आर्थिक भार, र सेवा प्रवाहमा देखिएको ढिलासुस्तीप्रति चिन्ता व्यक्त गरे। उनले सबै दलहरूलाई पारदर्शी शासन र जनमुखी विकासमा अग्रसर हुन आग्रह गरे।

उनले थपे, 'हामीले खोजेको व्यवस्था भनेकै आम जनताको शासन हो, जहाँ जनताले आफ्नो जीवनस्तर सहज बनाउन सकून् र मुलुकको समृद्धि सबैले अनुभूति गर्न सकून्।' कार्यक्रममा उनले लोकतन्त्रको मार्गलाई सुदृढ गर्न सबै राजनीतिक दलहरू विशेष जिम्मेवारीका साथ अघि बढ्नुपर्ने धारणा राखे।


# सरकार जनचाहनाअनुसार काम गर्न असफल : अध्यक्ष साह

दैनिक समाचारदाता
रौतहट ११ असार । आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले वर्तमान सरकारले जनताको चाहना र अपेक्षाअनुसार काम गर्न नसकेको बताएका छन्।

बुधबार गृहजिल्ला रौतहटको गुजरा नगरपालिका-बलुवा टोलमा आयोजित 'भ्रष्टाचारविरुद्ध अन्तरक्रिया' कार्यक्रममा बोल्दै अध्यक्ष साहले मुलुकमा सुशासन र पारदर्शिताको माग उच्च भए पनि त्यसअनुरूप काम नभएको बताए।

उनले भने, 'देशको हावा, पानी, जमिन, जनशक्ति र प्राकृतिक स्रोत-साधन राम्रो भए पनि नेतृत्वको कमजोरीका कारण मुलुकले अपेक्षित समृद्धि हासिल गर्न सकेको छैन। जनताको सरकारको अवधारणा बोकेर आएको व्यवस्थाले अझै जनअपेक्षाअनुरूप सेवा प्रवाह गर्न सकेको छैन।'

अध्यक्ष साहले मुलुकमा बढ्दो महँगी, करका बहानामा जनतामाथिको आर्थिक भार, र सेवा प्रवाहमा देखिएको ढिलासुस्तीप्रति चिन्ता व्यक्त गरे। उनले सबै दलहरूलाई पारदर्शी शासन र जनमुखी विकासमा अग्रसर हुन आग्रह गरे।


उनले थपे, 'हामीले खोजेको व्यवस्था भनेकै आम जनताको शासन हो, जहाँ जनताले आफ्नो जीवनस्तर सहज बनाउन सकून् र मुलुकको समृद्धि सबैले अनुभूति गर्न सकून्।'

कार्यक्रममा उनले लोकतन्त्रको मार्गलाई सुदृढ गर्न सबै राजनीतिक दलहरू विशेष जिम्मेवारीका साथ अघि बढ्नुपर्ने धारणा राखे।






## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. १०,
Phone :977041 591077

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका
वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035

मधेश सरकार
ऊर्जा, सिचाई तथा खानेपानी मन्त्रालय
मधेश प्रदेश, जनकपुरधाम

जनचेतनामूलक सूचना

"पानी जीवन हो – यसलाई जोगाऔं, बचाऔं"

- जलस्रोत र नदीनालाको मुहान संरक्षण हाम्रो कर्तव्य हो ।
- इनार, कुवा, धारा, तलाउ, पोखरी जस्ता प्राकृतिक जलस्रोतहरू संरक्षण गरौं।
- ट्युवेल, कुलो, पानी ट्यांकी तथा सिँचाइ नहरहरूको नियमित सफाइ गरौं।
- वर्षातको पानी जम्ने व्यवस्था मिलाएर भूजल भण्डार संरक्षण गरौं।
- सफा र उमालिएको पानी मात्र पिउनुहोस् ।
- खाना खानुअघि र शौचालय पछि साबुन पानीले हात धुनुहोस् ।



- विभिन्न प्रकारको कोटेन रोल
- विभिन्न प्रकारका जिङ्ग-जैङ्ग कोटन
- डिलेभरी पैड सहितका लागि सम्पर्क स्थान

रामेश्वरम सर्जिकल उद्योग
जनकपुरधाम, १४, मधेश प्रदेश
मो.नं.: ९८१९८३५३१४


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४